नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं २०७४

पत्र संख्याः२०७५/७६

चलानी नं. : ४३८

मिति : २०७५।११।०१

**श्री जिल्ला समन्वय समितिको कार्यालय,(सबै) ।**

**श्री महा/उप-महा/नगरपालिका/गाउँपालिकाको कार्यालय,(सबै) ।**

**विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं.६९२, मिति २०७५/१०/२८ को पत्रबाट सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित ६९ औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिको निर्णयानुसार प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा राष्ट्रिय प्रजातन्त्र दिवस प्रदेशस्तरीय समारोह समिति र काठमाण्डौं उपत्यका बाहिरका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला सदरमुकामहरुका सबै सरकारी कार्यालयहरु एवं स्थानीय तह समेत सम्मिलित राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथ फागुन ६,७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाउने र साँझ दिपावली गर्ने ।

त्यसैगरी जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमख/अध्यक्षको अध्यक्षतामा स्थानीय तहस्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनीतिक संघ-संस्थाहरुका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरुबाट स्थानीय तहका वडा स्तरसम्म प्रभातफेरी खेलकुद, परिसम्वाद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी र सरसफाई जस्ता विविध कार्यक्रम सहित फागुन ६,७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाउने र साँझ दिपावली गर्ने भन्ने निर्णय भएको हुँदा उपत्यका बाहेकका स्थानीय तह तथा जिल्लम समन्वय समितिहरुमा सोही बमोजिम ६९ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन लेखी पठाई सहयोग हुन भनी आएकोले सोही अनुसार राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

.................................

**जनकराज शर्मा**

**शाखा अधिकृत**

**बोधार्थः-**

श्री सूचना **तथा प्रविधि** शाखाः **website**मा **upload**गरिदिनु हुन ।

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

६९औं राष्ट्रिय प्रजातन्त्र दिवस
मूल समारोह समिति, २०७५

पत्र संख्याः- प्रजातन्त्र/०७५/०७६ सिंहदरवार,

प्राप्त पत्र संख्या र मितिः- काठमाडौं, नेपाल।

च.नं.:- ६९२

से.मा.म.
६४२
११।०१

मितिः-२०७५/१०/२८

विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने बारे।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बरः- ९२२६
दर्ता मितिः- ०७५/१०/२९

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित ६९औं राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समितिको निर्णयानुसार प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा राष्ट्रिय प्रजातन्त्र दिवस प्रदेशस्तरीय समारोह समिति र काठमाण्डौं उपत्यका बाहिरका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला सदरमुकामहरूका सबै सरकारी कार्यालयहरु एवं स्थानीय तह समेत सम्मिलित राष्ट्रिय प्रजातन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथ फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने।

त्यसैगरी जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्वन्धित स्थानीय तहका प्रमुख/अध्यक्षको अध्यक्षतामा स्थानीय तहस्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनीतिक संघ-संस्थाहरूका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरूबाट स्थानीय तहका वडा स्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाई जस्ता विविध कार्यक्रम सहित फागुन ६, ७ र ८ गते राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने भन्ने निर्णय भएको हुँदा **उपत्यका बाहेकका स्थानीय तह तथा जिल्ला समन्वय समितिहरुमा** सोही बमोजिम ६९ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन लेखी पठाई सहयोग हुन आदेशानुसार अनुरोध छ।

(चुडाराज न्यौपाने)
उप सचिव